नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:-

# प्रेस विज्ञप्ति

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) विषयगत समिति (सङ्घीय मामिला तथा सामान्य प्रशासन) को तेश्रो बैठकमा मिति २०८१/१०/२० गते माननीय सङ्घीय मामिला तथा समामान्य प्रशासन मन्त्री तथा समितिका अध्यक्ष राजकुमार गुप्ताको अध्यक्षतामा सम्पन्न भयो ।

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिम गठित यस समितिले तीन तहका सरकारहरुबीचमा संघीय मामिला र कर्मचारी व्यवस्थापन सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा आवश्यक परामर्श एवं समन्वय गर्ने, एकरुपता कायम गर्ने, आफ्नो विषयक्षेत्रमा राष्ट्रिय नीति तर्जुमा गर्न राष्ट्रिय समन्वय परिषद्लाई सुझाव दिने, परिषद्का निर्णय कार्यान्वयन गर्ने र यी विषयहरुमा देखिएका समस्याहरुको समाधानका लागि पहल गर्ने कार्य जिम्मेवारी रहेका छन ।

बैठकमा यस अघि सम्पन्न बैठकमा भएका निर्णयहरुको प्रगति समीक्षा गरी विषयगत समितिको बैठक सञ्चालन कार्यविधि मस्यौदा, स्थानीय तहको संगठन तथा व्यवस्थापन सर्वेक्षण र पद दर्ता, गाउँपालिका तथा नगरपालिकाको केन्द्र परिवर्तन सम्बन्धी मापदण्ड, सबै प्रदेशका प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सेवा ऐन र संघको निजामती सेवा ऐनमा बाझिएका विषय, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत पदमा खटिएको कर्मचारीलाई हाजिर गराउने तथा निमित्त दिने बिषयका अतिरिक्त स्थानीय बिकास प्रशिक्षण प्रतिष्ठानको पुनर्संरचना र सुदृढीकरण गरी स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई तालिम दिने ब्यवस्था मिलाउने, नयाँ अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा खटाउदा स्थानीय तहका कामकाज सम्बन्धी बिशेष तालिम दिने, संघीय मामिला तथा सामान्य प्रशासन क्षेत्रको बिषयगत समितिमा जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ र गाँउपालिका राष्ट्रिय महासंघका अध्यक्षहरुलाई सदस्यका रुपमा समावेश गर्न कानूनी ब्यवस्था मिलाउन पहल गर्ने लगाएतका विषयमा छलफल गरियो ।

प्रशासनिक सङ्घीयता कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न र यस सम्बन्धमा भावी कार्यदिशा तय गर्न यो बैठक महतत्वपूर्ण रहयो।

मितिः २०८१/१०/२२

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

CS CamScanner